# साधारण स्थानीय भर्ना

## कठिनाइका साथ सिक्ने विद्यार्थीहरूका लागि शैक्षिक सेवाहरू





प्राथमिक 1 मा प्रवेश हुने बालबालिकाहरूका विकासमा भिन्नता देखिन सक्छ जसले उनीहरूको सिकाइमा र घुलमेलमा असर पार्न सक्छ । यस्ता विद्यार्थीहरूलाई प्रारम्भीक अवस्थामा पत्ता लगाइ र कठिनाइहरूलाई सहयोग गर्न सरकारी, सहयोग प्राप्त तथा सिधै अनुदानबाट खोलिएका विद्यालयहरूले  वार्षिक रूपमा प्राथमिक 1 विद्यार्थीहरूको लागि प्रारम्भिक परिचयात्मक तथा सिकाईमा कठिनाइ रोकथाम कार्यक्रमको आयोजना गर्दछन् ।



विद्यार्थीहरू जसले सिकाइमा कठिनाइको अनुभव गरेका छन्, शिक्षकहरूले डिसेम्बरको शुरुदेखि जनवरीको शुरुसम्म कमजोर विद्यार्थीहरू पत्ता लगाई जो मध्यम खालका छन् र पढाइमा अप्ठ्यार ोको महसुस गरेका छन् तिनीहरूको मूल्याँङ्कनको सूचि भरि सक्ने छन् । त्यसपछि उचित सहयोग बन्दोबस्त जति सक्दो छिटो उपलब्ध गराउन सकिन्छ ।



यी मध्येमा धेरै विद्यार्थीहरूले सामान्य सिकाइमा कठिनाइहरू भएको देखाउँछन् । यदि अभिभावकहरूले शुरुमानै शिक्षकहरूसँग सहकार्य गर्न सके भने यी सामान्य सिकाइका कठिनाइहरूलाई पराजित गर्न सक्छन् वा न्यून हुँदै जान्छन् ।

